# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-८ सङ्ख्या-२ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८१/०२/२७

## भाग-२

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०८१

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सुनकोशी गाउँपालिकाले आफ्नो कार्य क्षेत्रमा गाउँपालिका प्रहरी राख्न आवश्यक भएको हुनाले स्थानीय सरकार संचालन् ऐन २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम "**सुनकोशी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि, २०८१**" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'गाँउपालिका गाउँ प्रहरी"** भन्नाले स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क (१) ले दिएको अधिकार बमोजिम करार वा ज्यालादारीमा नियुक्त भएका सुनकोशी गाउँपालिका गाउँ प्रहरी सम्झनु पर्छ ।

(ख) **"कार्यविधि"** भन्नाले स्थानीय तह संचालन् ऐन २०७४ र सो ऐन समेतको आधारमा बनेको गाँउपालिका गाउँप्रहरी व्यवस्थापन कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(ग) **"कार्यक्षेत्र"** भन्नाले यस गाउँपालिकाले ओगटेको भुभाग वा गाउँपालिकाको भित्री ठाउँ विशेषलाई वा वडाले ओगटेको भुभागलाई सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरु समेतलाई सम्झनु पर्छ ।

(ङ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) **"पदपूर्ति समिति"** भन्नाले उपदफा ६ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(छ) **"कर्मचारी"** भन्नाले गाउँपालिका क्षेत्रभित्र कार्यरत गाउँपालिकाको कर्मचारी सम्झनु पर्छ।

(ज) **"प्रहरी हवलदार** भन्नाले गाउँपालका प्रहरी हवलदार भनी सम्झनु पर्छ ।

(झ) **"करार"** भन्नाले अनुसची-१ मा तोकिएको ढाँचा बमोजिम दुई वा सो भन्दा बढी पक्षबिच समय, पारिश्रमिक एवं आवश्यकता अनसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनी सम्झनु पर्छ। करार अवधि एक वर्षको हुने छ । कार्यसम्पादनका आधारमा करार अवधि थप गर्न सकिने छ ।

ञ. **"अख्तियारवाला"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझिन्छ ।

## परिच्छेद-२

## गाउँपालिका गाउँ प्रहरीको श्रेणी, पद र कार्यालय सम्बन्धी व्यवस्था

३. **श्रेणी र पद** : (१) गाउँ प्रहरीको पद, श्रेणी र तह देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका गाउँ प्रहरी तहगत/श्रेणीगत हुनेछ ।

(ख) गाउँपालिका गाउँ प्रहरीको श्रेणी/तह र पद देहाय अनुसार हुनेछ ।

(१) प्रहरी हवलदार सहायकस्तर तृतीय

(२) गाउँपालिका गाउँ प्रहरी जवान श्रेणी विहिन

४. **पदसङ्ख्या निर्धारण** : (१) गाउँपालिका गाउँ प्रहरीको पद सङ्ख्या देहाय बमोजिम निर्धारण हुनेछ।

(क) गाउँपालिकाकामा कम्तीमा तीन जना गाउँपालिका गाउँ प्रहरी (एक जना गाउँपालिका प्रहरी हवल्दार समेत) को अनिवार्य रुपमा व्यवस्था हुने गरी गाउँपालिका गाउँ प्रहरीको पदसङ्ख्या निश्चित गर्नुपर्नेछ ।

(ख) गाउँपालिकाका गाउँ प्रहरीको सङ्ख्या निर्धारण गर्दा वडाको जनसङ्ख्यालाई आधार बनाई प्रत्येक पाँच हजार जनसङ्ख्याको लागि एक जना गाउँपालिका गाउँ प्रहरी रहने गरी दरबन्दी रहनेछ ।

(२) उपदफा १ को खण्ड (क) र (ख) अनुसार पदसङ्ख्या निर्धारण गर्ने कार्य गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

५. **<u>कार्यालय सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिका गाउँ प्रहरीको कार्यालय गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ र गाउँ प्रहरीलाई गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा खटाउन सकिनेछ।

## परिच्छेद-३

## पदपूर्ति सम्बन्धी व्यवस्था

६. **<u>गाउँपालिका गाउँ प्रहरी सेवाको पदपूर्ति</u>** : (१) गाउँपालिका गाउँ प्रहरीको पदपूर्ति देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका गाउँप्रहरीको पदपूर्ति नेपाल प्रहरी वा अन्य सुरक्षा निकायबाट अवकाश प्राप्त वा सुरक्षा निकायका अधिकृत अनुसुची-२ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ख) गाउँपालिका गाउँ प्रहरीको पदपूर्ति अनुसूची-२ मा तोकिएको योग्यता बमोजिमको नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(ग) गाउँपालिका गाउँप्रहरीको पदपूर्ति गर्दा समावेशी तरिकाले हुने गरी भर्ना गर्नु पर्छ ।

(घ) गाउँपालिका गाउँप्रहरीको पदपूर्ति गर्दा उपदफा ४ बमोजिम चाहिने पदसङ्ख्या अनुसार नेपालको सविधान २०७२ एवं प्रचलित ऐन कानूनमा विद्यमान रहेको समावेशिताको व्यवस्था अनुसार भर्ना गर्नु पर्छ ।

७. **<u>पदपूर्ति समितिको गठन:</u>** (१) गाउँपालिका गाउँ प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्धारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -अध्यक्ष

(ख) नेपाल सरकारको बहालवाला नेपाल प्रहरीको सहयाक निरीक्षक -विज्ञ सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको पदपूर्ति समितिले खुल्ला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नको लागि आफूमध्येबाट कुनै अधिकृतको संयोजकत्वमा सुरक्षा विज्ञसहितको तीन सदस्यीय उपसमिति गठन गरी आफूमा रहेको अधिकार दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको पदपर्ति समितिमा विज्ञ सदस्यको रुपमा राखिएका अवकाश प्राप्त अधिकृतस्तरको गाउँ प्रहरी वा सुरक्षाकर्मी आमन्त्रित सदस्यको रुपमा रहनेछ ।

८. **<u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ ।

(क) गाउँपालिका गाउँप्रहरी (प्रमुख समेत) को पाठ्यक्रम निर्धारण गर्ने,
(ख) पदपूर्ति कार्यतालिका बनाउने,
(ग) परिक्षाको किसिम तोक्ने,
(घ) पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,
(ङ) परिक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने र
(च) नियुक्तिको लागि सिफारिश गर्ने ।

(२) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा कुनै प्रकारको अवरोध वा जटिल समस्या आइपरेमा अख्तियारवाला समक्ष लिखित रुपमा जानकारी गराई निकास निकालिनेछ।

९. **न्यूनतम योग्यता** : (१) गाउँपालिका गाउँ प्रहरी जवान र हवलदार पदमा खुल्ला प्रतियोगिताद्वारा पूर्तिको लागि चाहिने न्यूनतम योग्यता अनुसूची-२ मा उल्लेख भए बमोजिम हनेछ ।

१०. **विज्ञापन प्रकाशन** : (१) पदपूर्ति समितिले पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा गाउँपालिकाको वेभसाइटमा कम्तीमा १५ दिनको दरख्वास्त दिन सक्ने समयावधी राखेर देहायको विषय समेत खुलाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

(क) पदको नाम,
(ख) आवश्यक सङ्ख्या (पुरुष र महिला सङ्ख्या समेत खुलाउनु पर्ने ),
(ग) दरखास्त दिने म्याद र स्थान,
(घ) दरखास्त दस्तुर,
(ङ) आवश्यक न्यूनतम शैक्षिक योग्यता,
(च) पेश गर्नु पर्ने आवश्यक प्रमाणहरु,
(छ) सम्पर्क मिति र स्थान,
(ज) परिक्षाको तरिका र
(झ) अन्य शर्तहरु

(२) पदपूर्ति समितिले उपदफा (१) को बमोजिम विज्ञापन प्रकाशन गर्दा चाहिए बमोजिमको सङ्ख्या र विषय एवं शर्त अनुसारको दरखास्त नपरेको अवस्थामा समितिको बैठक निर्णय अनुसार शर्तहरु थपघट गरी पुनः विज्ञापन प्रकाशन गर्न सक्नेछ ।

११. **दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा**: (१) उम्मेदवारको दरखास्त फाराम र प्रवेश पत्रको ढाँचा अनुसूची-३ र अनुसूची-४ मा उल्लेख भए अनुसार हुनेछ ।

(२) उम्मेदवारले प्रवेश पत्र हराएमा निजसँग तोकिएको शुल्क तिराई प्रवेश पत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।

१२. **परिक्षा सञ्चालन** : (१) पदपूर्ति समितिले आवश्यकता अनुसारको परिक्षाको किसिम तय गरी परिक्षा सञ्चालन हुनेछ ।

(२) उपदफा (२) बमोजिम परिक्षा सञ्चालन गर्दा हरेक परिक्षाको नतिजा प्रकाशन भए पश्चात्त क्रमबद्ध ढङ्गले परिक्षा सञ्चालन हुनेछ ।

१३. **नतिजा प्रकाशन** : (१) उम्मेदवारले प्रथम परिक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परिक्षामा सामेल हुन पाउनेछन ।

(२) उम्मेदवारको लागि तय गरिएको अन्तिम प्रकारको परिक्षा अधिको नतिजा प्रकाशन गर्दा आवश्यक माग सङ्ख्यामा सो को दुई तिहाई सङ्ख्याले थप हुने गरी उतिर्ण भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गरिनेछ ।

(३) पदपूर्ति समितिले अन्तिम प्रकारको परिक्षा सञ्चालन पश्चात नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग सङ्ख्यामा उतिर्ण बाहेक एक तिहाई सङ्ख्याले हुन आउने उम्मेदवारहरु वैकल्पिक उतीर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ ।

(४) पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशन पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ ।

१४. **नियुक्ति गर्ने अधिकारी** : (१) पदपूर्ति समितिले अख्तियारवाला समक्ष सिफारिस भई सो को अनुमोदन भए पश्चात्त गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सफल उम्मेदवारलाई नियुक्ति दिनेछन ।

(२) नियुक्ति दिने अधिकारीले सफल उम्मेदवारहरुलाई अनुमोदन भएको पन्ध्र दिन भित्र नियुक्ति दिनुपर्ने छ ।

१५. **परिक्षण काल** : (१) गाउँपालिका गाउँप्रहरी (प्रमुख समेत) पदमा नियुक्ति पाएको गाउँप्रहरीलाई एक महिनासम्म परिक्षण कालमा राखिनेछ ।

(२) उपदफा (१) बमोजिम परिक्षणकाल सन्तोषजनक भएको खण्डमा निजको नियुक्ति सदर गरी आवश्यकता अनुसार थप कार्यकालको लागि नियुक्ति दिइनेछ ।

(३) करार अवधि अगावै हटाएकोमा बाहेक एक वर्षको हुने छ। कार्यसम्पादन चितबुझ्दो भएमा पुनः एक वर्ष तथा यसरीनै म्याद थप गरिने छ ।

१६. **नियुक्ति बदर हुन सक्ने अवस्था** : (१) देहायको अवस्थामा नियुक्त गर्ने अधिकारीले गाउँपालिका गाउँ प्रहरी (प्रमुख समेत) को नियुक्ति बदर गर्न सक्नेछ ।

(क) परिक्षणकालमा कार्य सम्पादनमा दक्षता नदेखिएमा वा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा अनुसूची-५ मा तोकिए बमोजिम आचरण नभएमा

(ख) दफा १५ को उपदफा (२) बमेजिम नियुक्ती सदर भई कार्य सम्पादन गरिरहेको गाउँपालिका गाउँ प्रहरीको अनुसूची-५ मा तोकिए बमोजिम आचरण सन्तोषजनक नदेखिएमा।

(२) उपदफा (१) मा जुनसुके लेखिए तापनि गाउँपालिका गाउँ प्रहरीले कुनै पनि जघन्य खालको अपराध गरेको भनी तत्काल सबुत प्रमाणसहित फेला परेमा निजको नियुक्ति स्वतः बदर हुनेछ ।

**परिच्छेद-४**

**गाउँपालिका गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार**

१७. **<u>गाउँपालिका गाउँप्रहरीको काम, कर्तव्य र अधिकार:</u>** (१) गाउँपालिका गाउँ प्रहरीको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हनेछ ।

(क) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक सम्पत्ति जस्तै बाटो, डल, पाटी पौवा, मठ मन्दिर, पेटी, चउर, आदिको हानी नोक्सानी हुन नदिन नियमित रुपमा रेखदेख र सुरक्षाको व्यवस्था गर्ने र सो को जानकारी गाउँपालिका प्रशासनलाई गराउने ।

(ख) सडे गलेका र वासी खानेकुराहरु बिक्री गरेको फेला परेमा प्रारम्भिक कारवाही चलाउने।

(ग) चुङ्गीकर छली ल्याएको, ईजाजत बिना पेशा व्यवसाय गरेको तथा विज्ञापन गरेको भेट्टीएमा आवश्यक कारवाहीको लागि सम्बन्धित कार्यालयमाजानकारी गराउने ।

(घ) घर बहाल कर र फुटपाथ, हाटबजार कर उठाउने कार्यमा आवश्यक सहयोग गर्ने ।

(ङ) छाडा चौपायाहरुलाई कान्जी हाउस पुऱ्याउने कार्यमा सहयोग गर्ने ।

(च) सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने गरी थुपारेका निर्माण सामाग्रीहरु हटाउन लगाउने।

(छ) बिना ईजाजत घर निर्माण कार्य भएको भेटिएमा रोक्का गरी कार्यालय मार्फत कारवाही चलाउने व्यवस्था गर्ने।

(ज) गाउँपालिका ऐन र आदेशको बर्खिलाप गर्ने मानिसलाई सो नगर्न अनुरोध गर्ने र नमानेमा आवश्यक कारवाहीको लागि कार्यालयमा पेश गर्ने ।

(झ) गाउँपालिकाको सम्पत्तिको रेखदेखमा सहयोग पुर्‍याउने ।

(ञ) कार्यालयको अत्यन्त जरुरी पत्र बुझाउने काममा सहयोग गर्ने ।

(ट) विना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

(ठ) आफू खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

(ड) विपद खोज उद्धारमा सघाउ पुऱ्याउने ।

(ढ) कार्यालयको पालो पहरा सुरक्षा गर्ने ।

(ण) फोहोर मैला व्यवस्थापनमा सघाउ पुर्याउने ।

(त) शान्ति सुरक्षा अमन चैयनमा नेपाल प्रहरी लाई सहयोग गर्ने ।

(२) गाउँ प्रहरीले उपदफा (१) बमोजिमका काम कर्तव्य र अधिकारहरुको जिम्मेवारी वहन गर्नुका साथै मातहतका गाउँपालिका गाउँ प्रहरीहरुको कार्यमा समन्वय ल्याउनुका साथै निरीक्षण एवं नियन्त्रण गर्नु पर्नेछ ।

## परिच्छेद-५

## <u>विदा एवं पारिश्रमिक सम्बन्धी व्यवस्था</u>

१८. **<u>विदा सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिका गाउँप्रहरीहरुले नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक देहाय बमोजिमको थप विदा उपभोग गर्न पाउनेछन ।

(क) गाउँपालिका गाउँप्रहरीले बर्षभरीमा जम्मा १२ दिन घर विदा पाउनेछन ।

(ख) गाउँपालिका गाउँप्रहरीले वर्षभरीमा जम्मा ६ दिन बिरामी विदा पाउनेछन ।

(ग) गाउँपालिका गाउँप्रहरीले बर्षभरीमा जम्मा ६ दिन भैपरी विदा पाउनेछन ।

(घ) पुरुष गाउँपालिका गाउँप्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक १५ दिनको दरले सुत्केरी स्याहार विदा पाउनेछन ।

(ङ) महिला गाउँपालिकागाउँप्रहरीले कार्यकाल भरीमा जम्मा २ पटक प्रत्येक पटक ६० दिनको दरले सुत्केरी विदा पाउनेछन ।

(च) गाउँपालिका गाउँप्रहरीले आफ्नो कुल धर्म अनसार क्रिया बस्नु परेमा वा निजको परिवारमा काज क्रिया गर्नको लागि सहोदर नाता सम्बन्धि व्यक्ति क्रिया बसेमा काज क्रियामा सघाउन र महिला गाउँपालिकागाउँप्रहरीको हकमा निजको पति क्रिया बस्नु परेमा जम्मा १५ दिन क्रिया विदा पाउनेछन ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेक अन्य कुनै प्रकारको विदा दिइने छैन ।

(३) उपदफा (१) मा उल्लेख भए अनुसारका विदाहरु अर्को बर्षको लागि सचिंत गर्न पाइने छैन

(४) गाउँ प्रहरीको विदा स्वीकृत प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ ।

१९. **<u>पारिश्रमिक सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिका गाउँ प्रहरीहरुको मासिक तलब/पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक भन्दा कम नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) वरिष्ठ गाउँपालिका गाउँ प्रहरीको मासिक तलब वा पारिश्रमिक उपदफा (१) बमोजिम तोकिएको पारिश्रमिक भन्दा थप सुविधा पाउने गरी गाउँ कार्यपालिकाले तोके बमोजिम हनेछ ।

(३) गाउँपालिका गाउँ प्रहरीहरुले कुनै पनि विदा बचाए बापत थप पारिश्रमिक सुविधा पाउनेछैन।

(४) गाउँपालिका गाउँ प्रहरीले एख र्ष कार्य गरे पश्चात अर्को वर्ष कार्य गर्दा खाइपाइ आएको मासिक पारिश्रमिकको शत प्रतिशतले हुन आउने रकम चाडपर्व खर्च बापत आर्थिक सुविधाको व्यवस्था हुनेछ।

(५) गाउँपालिका गाउँ प्रहरीहरुले तोकिएको कार्यक्षेत्रमा खटिएको व्यहोरा सम्बन्धित वडा वा गाउँपालिका कार्यालयले प्रमाणित गरे पश्चात्त पारिश्रमिक भुक्तानी हुनेछ

(६) गाउँपालिका प्रहरीलाई मासिक ४ हजार राशन खर्च उपलब्ध गराइने छ । गाउँ प्रहरीको कार्यालय समय २४ घन्टा नै रहने छ।

## परिच्छेद-६

## <u>अनुगमन, कार्य सम्पादन मूल्याङ्कन एवं नियन्त्रण</u>

२०. **<u>अनुगमन</u>** : (१) गाउँपालिका तथा यसले ओगटेको भुभाग भित्र खटिएका गाउँपालिका गाउँ प्रहरीको कार्यको अनुगमन कार्यलाई देहाय बमोजिम गरिनेछ ।

(क) गाउँपालिका गाउँप्रहरी खटिएको वडाको हकमा तहाँको वडा कार्यालयले तोकेका कर्मचारीले र गाउँ कार्यपालिकाको हकमा तहाँबाट तोकिएका कर्मचारीले नियमित अनुगमन गर्नेछन ।

(ख) गाउँपालिका प्रशासनबाट समेत नियमित अनुगमन कार्य गर्नु पर्दछ ।

(ग) गाउँपालिका अन्तर्गतका वडा कार्यालयले तहाँ खटिएका गाउँपालिका गाउँ प्रहरीको अनुगमन प्रतिवेदन प्रत्येक ३ महिनामा गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(घ) गाउँपालिका कार्यालयले वडा कार्यालयहरुबाट प्राप्त गरेको र आफ्नो अनुगमन प्रतिवेदन समेत तयार पारी गाउँसभाको बैठकमा पेश गर्नुपर्नेछ ।

(२) गाउँपालिका गाउँप्रहरीले प्रयोग गर्ने जिन्सी सामाग्रीहरुको गाउँपालिकाबाट तथा तोकिएको कर्मचारीबाट आवश्यकता अनुसार छड्के एवं नियमित जाँच हुनु पर्दछ ।

२१. **<u>कार्य सम्पादन मूल्याङ्कन एवं नियन्त्रण</u>** : (१) दफा २० उपदफा (१) को खण्ड ग र घ बमोजिम प्राप्त प्रतिवेदनहरुको आधारमा तेस्रो त्रैमासिकको अनुगमन प्रतिवेदन अख्तियारवाला समक्ष पेश भए पछि गाउँपालिका गाउँप्रहरीको कार्य सम्पादन मूल्याङ्कन कार्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन मूल्याङ्कन गर्नको लागि आवश्यक विधि र प्रक्रियाको प्रमुख प्रशासकीय अधिकृतले ढाँचा तयार गरी/गर्न लगाई गाउँ कार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका गाउँ प्रहरीको सेवा अवधि थप गर्ने वा नगर्ने भन्नेमा गाउँपालिका कार्यालयले गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(४) गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन भई आए पश्चात प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका प्रहरीको सेवा अवधि थप गर्नेछन ।

(५) गाउँपालिका गाउँ प्रहरीले आफु जुन वडा वा स्थानमा गाउँपालिकाद्धारा खटाइएको हो सो कार्यक्षेत्र वा वडाको कार्यालयमा दैनिक रुपमा उपस्थित भई हाजिरी जनाई कार्य सम्पादन गर्नुपर्नेछ ।

(६) गाउँपालिका गाउँप्रहरीको कार्य सम्पादनस्तरलाई उच्छृङ्खल हुन नदिन तोकिएको कार्यक्षेत्रका वडा कार्यालय र गाउँपालिका कार्यालयले नियन्त्रण र आवश्यक निर्देशन गर्नेछ ।

## परिच्छेद-७

## <u>विविध</u>

२२. **<u>पोशाक</u>** :(१) गाउँपालिका गाउँ प्रहरी (वरिष्ठ समेत) को पोशाक गाउँ कार्यपालिककाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पोशाकको व्यवस्था गर्दा नेपालको संविधानको प्रतिकुल हुने खालको पोशाकको व्यवस्था गर्न पाइने छैन ।

(३) गाउँपालिकाको कार्यालयले पोशाक खर्च बापत गाउँपालिकाले गाउँपालिका गाउँप्रहरी (वरिष्ठ समेत) लाई रकम उपलब्ध गराउनेछ ।

२३. **जिन्सी सामग्री** : (१) गाउँपालिकाको कार्यालयले दफा २२ को उपदफा (१) बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु गाउँपालिका गाउँप्रहरी (वरिष्ठ समेत) लाई उपलब्ध गराउनेछ ।

(२) गाउँपालिका गाउँप्रहरी (वरिष्ठ समेत) ले आफूले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मासिक रुपमा अद्यावद्यीक गरी राख्नु पर्नेछ ।

२४. **विदा सम्बन्धी थप व्यवस्था** : (१) गाउँपालिका गाउँ प्रहरी (वरिष्ठ समेत) ले परिक्षणकाल भरी दफा १८ अनुसार पाउने विदा मध्ये घर विदा र बिरामी विदा पाउने छैन ।

(२) परिक्षणकाल समाप्त भए पश्चात उपदफा (१) बमोजिम नपाइने विदा समेतलाई जोडी दफा १८ बमोजिम विदाको सुविधा प्राप्त हुनेछ ।

२५. **उपदान** : (१) गाउँ सभाले गाउँपालिका गाउँप्रहरी (वरिष्ठ समेत) ले लगातार पाँच वर्ष सेवा गरे पश्चात उपदान स्वरुप कार्यपालिकाले तोके बमोजिम आर्थिक सुविधा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँसभाले कानून बनाई उपदानको व्यवस्था गर्नेछ ।

२६. **राजिनामा** : (१) गाउँपालिका गाउँप्रहरी (वरिष्ठ समेत) ले आफूले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा गाउँपालिकाको कार्यालयमा आफूले कार्य छोडनु एक महिना अघि नै राजिनामा दिनु पर्नेछ ।

(२) यदि उपदफा (१) बमोजिम राजिनामा नदिएमा सेवा गरेको अन्तिम महिनाको पारिश्रमिक भुक्तानी पाउने छैन ।

(३) माथि उपदफा (१) र (२) मा जेसुकै लेखेको भएपनि यदी गाउँपालिका गाउँ प्रहरी (वरिष्ठ समेत) ले असाध्य रोगव्याधीले वा ठुलो चोटपटकले गर्दा सेवा त्याग गरेमा वा निजको मृत्यु भएको खण्डमा निजले पाउनु पर्ने बाँकी पारिश्रमिक गाउँपालिकाको कार्यालयबाट प्राप्त हुनेछ

२७. **बिमा** : गाउँ कार्यपालिकाले गाउँपालिका गाउँ प्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक बिमाको व्यवस्था गर्न सक्नेछ ।

२८. **ज्यालादारी व्यवस्था** : (१) गाउँपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत गाउँपालिका गाउँप्रहरीको व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रहरीको नियुक्ति र पारिश्रमिक तोक्ने कार्य गाउँपालिका अध्यक्षबाट अनुमति लिई प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्तष भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य गाउँपालिका प्रशासन हेर्ने शाखाले वा तोकिएको वडा कार्यालयले गर्नेछ ।

(४) ज्यालादारीमा खटिएका गाउँ प्रहरीको पारिश्रमिक नेपाल सरकारले अदक्ष कामदारको लागि तोकेकी न्यूनतम दैनिक ज्यालादर भन्दा कम नहुने गरी दिइनेछ ।

२९. **<u>प्रशासनिक व्यवस्थापन :</u>** यस कार्यबिधि अनुसार नियुक्त गरिएका सम्पुर्ण गाउँपालिका गाउँ प्रहरी (वरिष्ठ समेत) हरुको प्रशासनिक व्यवस्थापन गर्ने कार्य गाउँपालिका कार्यालयको प्रशासन हेर्ने शाखा वा तहाँबाट व्यवस्था भए बमोजिम हुनेछ ।

३०. **<u>अख्तियारी तथा बचाउँ</u>** :यो कार्यविधिमा व्यवस्था गरिएका दफा, उपदफाहरु संसोधन एवं थपघट गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यापालिकामा निहित रहनेछ । गाउँपालिकाको कार्यालयले यस उपदफा अनुसार करार सेवामा नियुक्त भएका प्रहरीहरुसँग सम्बन्धित दण्ड सजाय एवं पुरस्कारको लागि आवश्यक काम कार्यवाही गर्दा नेपालको संविधानको साथै देशमा विद्यमान रहेका कानून, रहेका प्रावधानहरुको अवलम्बन गरी आवश्यक काम कार्यवाही गर्नेछ ।

**अनुसुची - १**

करार सम्झौताको नमुना फाराम

(दफा २ को उपदफा झ सँग सम्बन्धित)

**करार सेवा सम्झौता पत्र**

सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय र जिल्ला........................ गाउँपालिका, वडा नं........ बस्ने श्री .................................... बिच भएको सेवा करार लिने दिने सम्बन्धिको करार पत्र ।

सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र जिल्ला .............. गाउँपालिका, वडा नं.......... बस्ने ......को छोरा/छोरी वर्ष........ को श्री.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बिच सुनकोशी गाउँपालिकाभित्र सुरक्षा र रेखदेख कार्यको लागि गाउँपालिका पदमा सेवा करारमा लिने दिने कार्यको लागि देहायको शर्तहरुको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उप्लब्ध गराउन मन्जुर भई करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौ दियौं ।

१. यो कररनामाको अवधि मिति २०८.।... गतेबाट २०॥... गतेसम्म जम्मा १ महिनाको परिक्षण कालको हुनेछ ।
२. सेवा गरे बापत महिना भुक्तानी भए पछि मासिक पारिश्रमिक बापत रु. ......... (अक्षरुपी ................. ) प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।
३. कुनै कारणवश दोश्रो पक्षले आफुले गर्दै आएको सेवा कार्य त्यागी राजिनामा दिन चाहेमा वा करार भंग गर्न चाहेमा १ महिना अघि नै प्रथम पक्षलाई लिखित जानकारी वा राजिनामा दिनु पर्नेछ। अन्यथा दोश्रो पक्षले १ महिनाको पारिश्रमिक बराबरको रकम प्रथम पक्षलाई बुझाउनु पर्ने छ।
४. दोश्रो पक्षले सेवा त्याग गर्दा आफूसँग रहेको जिन्सी सामान र तिर्नु पर्ने बाँकी बुझाई फरफारक गर्नु पर्नेछ र सो बमोजिम नभएमा प्रथम पक्षले दोश्रो पक्षलाई कारबाही गर्नेछ ।
५. दोश्रो पक्षले यस करारपत्रका साथ संलग्न कार्यविवरण अनुसारको काम, कर्तव्य र अधिकार सम्बन्धि जिम्मेवारीमा कुनै प्रकारको ढिलासुस्ती, लापरवाही गरेमा वा कुनै पनि तोकिएको काम समयमा जिम्मेवारी पुर्वक पुरा नगरेमा वा दोश्रो पक्षको काम पहिलो पक्षलाई सन्तोषजनक नलागेमा पहिलो पक्षले कुनै पनि समय करार भंग गर्न वा काम नभएको अवधीको सुविधा कट्टा गर्न सक्नेछ ।
६. दोश्रो पक्षले गैह्र जिम्मेवारी ढङगले काम गरी पहिलो पक्षलाई हानी नोक्सानी पुर्‍याएमा पहिलो पक्षले तोके बमोजिमको हानी नोक्सानीको रकम हर्जाना स्वरुप दोश्रो पक्षले पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोश्रो पक्षले करार तथा संलग्न अनुसारको काम, कर्तव्य र अधिकार अनुसार काम गर्दा पाउने विदा तथा अन्य सुविधाहरु गाउँपालिका गाउँ प्रहरी कार्यविधि २०८१ मा व्यवस्था भए बमोजिम प्राप्त गर्न सक्नेछ ।

८. दोश्रो पक्षको कार्य पहिलो पक्षलाई सन्तोषजनक लागेमा पहिलो पक्षले दोश्रो पक्षसँगको करार नियुक्ति सदर गरी अवधि थप गर्न सक्नेछ ।

९. प्रथम पक्षले दोश्रो पक्षलाई पोशाक खर्च उपलब्ध गराउने छ।

१०. यस करारनामामा हस्ताक्षर गर्ने दुवै पक्षको पुरा विवरण एवं हस्ताक्षर निम्नानुसार रहेको छ ।

पहिलो पक्षको तर्फबाट
हस्ताक्षर :
नाम थर:
दर्जा : प्रमुख प्रशासकीय अधिकृत

दोश्रो पक्षको तर्फबाट
हस्ताक्षर
नाम थर
.......पा. वडा नं.....

कार्यालयको छाप

इति सम्वत् २०८१ साल महिना ..... गते रोज........ शुभम् ।

## अनुसुची - २

(दफा ६ र ९ सँग सम्बन्धित)

### गाउँपालिका गाउँ प्रहरीको लागि चाहिने न्यूनतम योग्यता

(क) गाउँपालिका प्रहरी जवानको लागि चाहिने न्यूनतम योग्यता निम्नानुसार रहेको छ।

१) नेपाली नागरिकता भएको ।

२) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। (सेवा निवृतको हकमा ४५ वर्ष ननाघेको)

३) कम्तीमा ८ कक्षा उतिर्ण भएको ।

४) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ इंन्च र वजन घटीमा ५० के. जी. हुनुपर्ने। (महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४२ के. जी. हुनुपर्ने)

५) कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

६) शारिरीक रुपमा स्वस्थ्य रहेको काम गर्न सक्ने प्रमाणित भएको ।

(ख) गाउँ प्रहरी हवलदार को लागि चाहिने न्यूनतम योग्यता निम्नानसार रहेको छ ।

१) नेपाली नागरिकता भएको ।

२) २५ वर्ष पूरा भई ४० वर्ष ननाघेको तर सुरक्षा निकायमा सेवा निवृतको हकमा ४५ वर्ष

३) कम्तीमा एस.एल.सि. परिक्षा उतिर्ण भएको ।

४) कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

५) शारिरीक रुपमा स्वस्थ्य रहेको काम गर्न सक्ने प्रमाणित भएको ।

६) प्रहरी वा सुरक्षा सेवामा घटिमा ३ वर्षको अनुभव भएको एदी यसरी अनुभव भएको कोही व्यक्ति दरखास्त हाल्न नआएमा अनुभव नहुनेको लागि भने ३५ बर्ष उमेर कायम गरिने छ।

**अनुसुची-३**

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित

सुनकोशी गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

**ओखलढुङ्गा**

दरखास्त फारामको नमुना

| १० को हुमाकटिक |
|---|
| |

| |
|---|
| |

नियुक्ति हुन चाहेको पद :
विज्ञापन नम्बर:
आवेदन पेश गरेको कार्यालय:
व्यक्तिगत विवरण:
नाम थर:
जन्म मिति :
स्थायी ठेगाना :
बाबुको नाम :
हजुरबुवाको नाम:
आमाको नाम:
पेशा :
विवाहित वा अभिवाहित:
शैक्षिक योग्यता:...........उतीर्ण
नागरिकता नम्बर:
नागरिकता जारी जिल्ला:
संलग्न गरेको प्रमाणपत्रको प्रतिलिपीहरु:
१.
२.
३.
...

| औठा छाप | |
|---|---|
| दायाँ | बाँया |

## अनुसूची - ४

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

परिक्षा प्रवेश पत्र

नियुक्ति हुन चाहेको पदः

विज्ञापन नम्बरः

विज्ञापन मितिः

दर्ता नम्बरः

नाम थरः

श्रेणी, तह

उम्मेदवारको दस्तखत नमूनाः

**सम्बन्धित कर्मचारीने भर्ने :**

**यस कार्यालयबाट लिइने उक्त पदको परिक्षामा तपाईलाई संलग्न हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुग्ने ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुन सक्नेछ।**

मिति :

परिक्षा प्रवेश पत्र

नियुक्त हुन चाहेको पद विज्ञापन नम्बर

विज्ञापन मितिः

दर्ता नम्बरः

नाम बरः

श्रेणी, तह

उम्मेदवारको दस्तखत नमुना :

**अनुसूची - ५**

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

गाउँपालिका गाउँ प्रहरीमा हुनुपर्ने आचरण

गाउँपालिका गाउँप्रहरीमा हुनुपर्ने आचरण देहाय अनसार रहेका छन ।

१. कुनै प्रकारको कुलतमा परेको नहुनु पर्ने,
२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर हुनु पर्ने,
३. कुनै राजनैतिक पार्टीको सदस्य नहुनु पर्ने,
४. कुनै प्रकारको अपराधिक गिरोहमा आवद्ध नहुनु पर्ने,
५. कुनै प्रकारको फौज्दारी अभियोग नलागेको हुनु पर्ने,
६. डयुटीमा खटिएको समयमा कुनै प्रकारको मादकपदार्थ सेवन गर्न नहुने र
७. डयुटीमा खटिएको समयमा कोही व्यक्ति संग झगडा एवं रिसराग गर्न नहुने ।

प्रमाणीकरण मितिः २०८१/०२/२७

आज्ञाले,

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत